मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २९ गते आइतबार ❑ 14 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## प्रधानमन्त्रीसमक्ष आन्दोलनका घाइतेले भन्नुभयो: हाम्रो योगदान खेर नजाओस्

रासस
काठमाडौं, २८ भाद्र

प्रधानमन्त्री सुशीला कार्कीले 'जेनजी' आन्दोलनमा घाइते भई मीनभवनस्थित निजामती अस्पतालमा उपचाररत युवालाई भेटेर उहाँहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ।

प्रधानमन्त्री कार्कीले शनिबार अपराह्न उक्त अस्पतालमा उपचाररत घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको अस्पतालका कार्यकारी निर्देशक प्राडा मोहनचन्द्र रेग्मीले राससलाई



जानकारी दिनुभयो।

"प्रधानमन्त्रीले घाइतेको स्वास्थ्यस्थितिबारे जानकारी लिनुभयो। त्यस क्रममा उहाँहरूले आफ्नो स्वास्थ्यबारे प्रधानमन्त्रीलाई जानकारी गराउँदै आफूले देशका लागि दिएको बलिदान खेर नजाओस्, प्रधानमन्त्रीले देशलाई निकास दिनुपर्छ। पुनः अर्को पुस्ताले आन्दोलन गर्नु नपरोस्," डा रेग्मीले भन्नुभयो।

प्रधानमन्त्री कार्कीले मुलुकको अवस्था परिवर्तन गर्न हरसम्भवन प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

कार्यकारी निर्देशक रेग्मीका अनुसार गत सोमबार यता ४५७ घाइते अस्पताल पुगेकामा ४४ जनालाई अन्यत्र 'रेफर' गरिएको थियो। तीन सय ६४ जना उपचारपछि घर फर्किसकेका छन्। अस्पताल भर्ना भएका ४९ मध्ये ११ जना हाल उपचाररत छन्। गम्भीर घाइते एक जनाको सघन उपचार कक्षमा उपचार भइरहेको छभने ४५ जनाको शल्यक्रिया तथा सात जनाको पुनः शल्यक्रिया गरिएको छ। निजामती अस्पतालमा उपचारका क्रममा छ जनाको मृत्यु भएको थियो।

## पर्यटन क्षेत्र प्रभावित हुने चिन्ता

पोखरापत्र संवाददाता
पोखरा, २८ भाद्र

मुख्य पर्यटकीय याम (असोज/कात्तिक) सुरु हुँदैछ। दसैं, तिहार जस्ता ठूला चाड मुखैमा छन्। यही बेला मुलुक जेनजी पुस्ताको आन्दोलनले प्रभावित छ।

पर्यटकीय याम सुरु हुनै लाग्दा भएको आन्दोलनले पर्यटन क्षेत्र मारमा पर्ने देखिएको छ। कोभिड-१९ महामारीपछि जेनतेन उठेको पर्यटन क्षेत्र पुनःशिथिल हुने भयले पर्यटन व्यवसायी चिन्तित छन्। ट्रेकिङ ऐजेन्सिज एशोसियसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले यस्तै अवस्था लामो समय रहे विश्व पर्यटन बजारमा नेपालको नराम्रो सन्देश जाने बताउनुभयो।

"असोज र कात्तिक सबैभन्दा बढी विदेशी पर्यटक आउने याम हो, ठ्याक्कै यही बेला आन्दोलन सुरु भयो, अन्यौलको अवस्था कायमै छ, बुकिङ गरिसकेका पर्यटक आउन डराइरहेका छन्", उहाँले भन्नुभयो, "जतिसक्दो चाँडो नेपाल सुरक्षित छ भन्ने सन्देश दिन नसके हाम्रो पर्यटन क्षेत्रले ठूलो असर व्यहोर्नुपर्छ, यसको घाटा देशलाई पर्छ।" उहाँले अहिले नेपाल आइसकेका विदेशी पर्यटकलाई सुरक्षित तबरले गन्तव्यस्थलसम्म पुऱ्याउने काममा 'टान'लगायत पर्यटन सम्बद्ध सङ्घसंस्थाले सहजीकरण गरिरहेको बताउनुभयो। यो याममा विशेष गरी पदयात्राका लागि विदेशी पर्यटक आउने गर्छन्।

अध्यक्ष आचार्यले छिटो राजनीतिक वातावरण सुधारेर मुलुकलाई सामान्य अवस्थामा नफर्काएसम्म पर्यटन क्षेत्र चलायमान हुन नसक्ने बताउनुभयो। चाडपर्वका अवसरमा घुमफिरको योजना बनाएका आन्तरिक पर्यटकलाई अहिलेको अवस्थाले अन्यौलता थपेको उहाँको भनाइ छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा रबिन कडरियाले यो याममा पर्यटक आगमनमा असर पर्ने देखिएको बताउनुभयो। "तथ्याङ्कगत रुपमा हेर्न अझै केही दिन कुनुपर्छ, तर अहिलेको आन्दोलनले पर्यटन क्षेत्रमा असर भने पक्कै गर्छ", उहाँले भन्नुभयो। अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वमाझ परिचित गन्तव्य हो। गत आवमा उक्त क्षेत्रमा दुई लाख ७८ हजार ११३ विदेशी पर्यटक भित्रिएका थिए। तीमध्ये दक्षिण एसियाली मुलुकका एक लाख ५७ हजार ७८६ र अन्य देशका एक लाख २० हजार ३२७ पर्यटक रहेका थिए। वर्षात र जाडो याममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको सङ्ख्या न्यून हुने गरे पनि अन्य समयमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ।

सडकमार्गबाट घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको सङ्ख्या बर्सेनि वृद्धि भइरहेकाका अहिले मुलुकमा देखिएको असहज परिस्थितिले पर्यटक आगमनमा असर पर्ने देखिएको आयोजना कार्यालयले जनाएको छ। मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन्।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्।

## पोखराका ५ वटा होटल तथा रिसोर्टमा तीन अर्ब बढीको क्षति पुगेको दाबी

पोखरापत्र संवाददाता
पोखरा, २८ भाद्र

पर्यटकीय नगरी पोखरामा पर्यटनको सिजनमै ५ वटा होटल तथा रिसोर्टहरुमा तोडफोड र आगजनी हुँदा करिब ३ अर्ब बढीको क्षती भएको दाबी गरिएको छ। युवा पुस्ता जेन-जी आन्दोलनको क्रममा उत्पन्न हिंसात्मक घटनाले पोखराका ५ वटा होटल तथा रिसोर्टमा पुगेको क्षतिको प्रारम्भिक मुल्याङकन गर्दा करिब तीन अर्ब रुपैयाँ भन्दा बढीको क्षति भएको होटल संघ पोखराले जनाएको छ।

पर्यटनको सिजन सुरु हुनु पुर्व यसरी होटल सहित पर्यटन क्षेत्रमा आन्दोलनको नाममा तोडफोड र आगजनी हुनु निकै दुःखद घटना भएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो। उहाँका अनुसार लेकसाइड क्षेत्रका होटल सरोवर प्रा.लि., बगैंचा रिसोर्ट, होटल पोखरा गुडविल प्रा.लि., वरपिपल रिसोर्ट प्रा.लि. र होटल एड्म लगायतका प्रतिष्ठानहरूमा आगजनी तथा तोडफोड भएको हो। आगजनी र तोडफोडले पोखराको होटल व्यवसायलाई ठुलो असर परेको अध्यक्ष सुवेदीले जनाउनु भयो। उहाँले भन्नुभयो "पर्यटकीय प्रतिष्ठानहरू माथि भएका आक्रमणहरूको



निष्पक्ष छानबिन गरी पीडित व्यवसायीहरूलाई उचित क्षतिपूर्ति दिलाउन सरकारले तत्काल कदम चाल्नुपर्छ।" संघले इन्सुरेन्स कम्पनी, बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गरी मर्मत-संभार र पुनर्निर्माणमा सहयोग पुऱ्याउन आग्रह गरेको छ। गामी पर्यटन सिजन सुरु हुनै लाग्दा भएको यो दुःखद घटनाले समग्र पर्यटन क्षेत्रमा प्रत्यक्ष नकारात्मक असर पारेको व्यवसायीको गुनासो छ।

बैंक तथा वित्तीय संस्थामा रहेको ऋण तिर्न व्यवसायीहरू असमर्थ हुने अवस्था आइसकेको उल्लेख गर्दै व्यावसायिक सुरक्षाको ग्यारेन्टी गर्न नेपाल सरकारसँग जोडदार माग समेत गर्नु भएको छ। संघले आक्रमणका घटनाप्रति दुःख व्यक्त गर्दै पीडित व्यवसायीहरू प्रति सहानुभूति प्रकट गरेको छ। साथै, शान्तिपूर्ण भनिएको आन्दोलनको क्रममा जुनसुकै पक्षबाट भए पनि पर्यटकीय प्रतिष्ठानहरू माथि भएको आगजनी र तोडफोडको घटना प्रति संघले भर्त्सना गर्दै त्यसका कारण हजारौं कामदार समेत प्रत्यक्ष प्रभावित भएको उल्लेख गरेको छ। केही होटलमा पर्यटकहरु रहेकाले हतार हतारमा पर्यटकहरूलाई बचाउन खोज्दा केही पर्यटकको पासवोर्ड नै जल्न पुगेको छ। पोखरामा संचालन भएको एभरेष्ट महिला भलिवल लिगमा सहभागि केही टिमका खेलाडीहरु समेत होटल तथा रिसोर्टमा बस्नु भएको थियो। आन्दोलनको क्रममा केही होटल तथा रेष्टुरेण्टहरुमा धम्काउदै चोरी समेत गरेको व्यवसायीहरुले बताउनु भयो।

पोखरामा चोरीका घटना बढ्न थालेसँगै लेकसाइडमा भने क्षेत्रगत रुपमा रेखदेख गर्न टोली गठन गर्नु भएको छ। गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री एवं व्यवसायी बिन्दुकुमार थापाले संचालन गर्दै आएको बगैचा रिसोर्ट सहित मन्त्र थकाली किचन र अंशु भरा अर्गनाइजेसनमा आगलागी भएको छ भने उनको नीजि निवासमा समेत आगजनी गरेका छन्। उहाँको मात्र करिब एक अर्ब बढीको क्षति पुगेको बताइन्छ।

## जिप्रकामा आगजनी गर्ने क्रममा जलेका पुरुषको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २८ भाद्र

पोखरामा 'जेनजी' प्रदर्शनका क्रममा जिल्ला प्रहरी कार्यालयमा आगजनी गर्ने क्रममा जलेका एक जना पुरुषको शनिबार मृत्यु भएको छ। यही भदौ २४ गते साँझ प्रदर्शनकारीहरूले जिप्रकामा तोडफोड तथा आगजनी गरेका थिए।

सो घटनामा संलग्न रहेका चितवनको भरतपुर महानगरपालिका-१० स्थायी घर भई हाल पोखरा-१६ मा मजदुरी गरी बस्ने ४३ वर्षीय विजय तामाङको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो। उहाँका अनुसार आगो लगाउने क्रममा आफैं जलेर घाइते भएका तामाङलाई उनकै साथीले उद्धार गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि लगेका थिए। पोखरामा जेनजी प्रदर्शनका क्रममा हालसम्म तीन जनाले ज्यान गुमाएका प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिनुभयो। यसअघि दुई महिलाको प्रदर्शनकारीले आगजनी गर्दा जलेर मृत्यु भएको थियो।

पोखरा नयाँबजारमा रहेको हिमालय अर्गनाइजेसनको अटोसोरुम र लेकसाइडमा रहेको अंशुभरा स्क्वायरमा एक/एक जना महिला जलेर निधन भएको अवस्थामा शव फेला परेको थियो। निज दुवै जना कामदार थिए। जिल्ला प्रहरी कार्यालयले भने सुरक्षाकर्मीको बल प्रयोगबाट अहिलेसम्म कसैको पनि ज्यान नगएको जनाएको छ।प्रदर्शनकारीले जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय, बगर तथा विभिन्न प्रहरी पोष्टहरूमा आगजनी गरेका छन्। प्रहरी नायब उपरीक्षक बस्नेतले क्षति पुगेका प्रहरी चौकी तथा पोष्टहरूको सरसफाइ गरी सेवा सुरु गर्न लागिएको जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दोस्रो पर्वतीय दौड असोज ११ गते

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भाद्र

दोस्रो पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिता निर्धारित मिति भन्दा एक साता पछि सरेको छ। अब सो प्रतियोगिता विश्व पर्यटन दिवसकै दिन असोज ११ गते शनिबार हुनेछ।

जेन-जीको आन्दोलनसँगै मुलुकमा उत्पन्न पछिल्लो परिस्थितिका कारण आयोजकले उक्त निर्णय गरेको प्रतियोगिता संयोजक दीननाथ बरालले बताए। खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा प्रवर्धन केन्द्र र पोखरा क्लिक प्रालिको संयुक्त आयोजनामा असोज ४ गते प्रतियोगिताको तयारी गरिएको थियो। मिति सार्नुपरेकोमा यसबाट पर्न गएको असुविधाप्रति आयोजकले सम्पूर्ण खेलाडी, खेलकुदकर्मी, उद्योगी व्यवसाय, अतिथि महानुभावसहित शुभेच्छुकमा क्षमायाचना गरेको छ। साथै, गत भदौ २३ र २४ गते जेन-जीको आन्दोलनका क्रममा सहादतप्राप्त गर्नेहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको छ। साथै नेपालका



ऐतिहासि र महत्पूर्ण कागजात सहितका महत्वपूर्ण सरकारी तथा गैर सरकारी कार्यालय एवं विभिन्न भौतिक संरचनामा भएको आगजनीको बिरोध गर्दछौं।

पोखरा-२२ स्थित विश्व शान्ति स्तुपदेखि कालाबाङ घरेडी बुद्धपार्कसम्मको ८ किमी दूरीमा विभिन्न ६ इभेन्टमा प्रतियोगिता हुनेछ। हालसम्म ७५ जना धावकले दौडमा भाग लिन अनलाइन फर्म भरेका छन्। आयोजकले २५० जनासम्म धावकलाई व्यवस्थापन गर्ने भएको र फस्ट कम फस्ट सर्भिसका आधारमा २५० संख्या नपुग्दासम्म पुनः फर्म खोलिएको केन्द्रका उपाध्यक्ष असफल गौतमले जानकारी दिए।

नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रवर्द्धन रहेको प्रतियोगिता सफल पार्न विश्व शान्ति स्तुप समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घरेडी बुद्धपार्क समिति, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखरा लेकसाइडको मजेष्टिक लेक फ्रण्ट होटल एण्ड सुइट्स, हिमश्री फुड्स प्रा.लि./केसी ग्रुप, होटल बाराही, सिटिजन्स फर्निचर, पोखरा पर्यटन परिषद्, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, टान गण्डकी, अटोवेज प्रा.लि., पोखरा महानगरपालिका २२ को वडा युवा परिषद्, पोखरा भ्रमण वर्ष २०२५, परिचय एड्भरटाइजिङ, होटल संघ पोखरा नेपाल, ईजि ग्रुप, अन्नपूर्ण केवलकार लगायतको सहयोग छ।

प्रदेश खेलकुद परिषद् गण्डकी समन्वय र पोखरा महानगरपालिका २२ वडा कार्यालयको सहकार्य रहेको प्रतियोगिताको मेडिकल पार्टनरमा नेलम्बो नेपाल, हस्पिटल पार्टनरमा नमस्ते हस्पिटल, अफिसियल टेलिभिजनमा सिटीवान टेलिभिजन, अफिसियल रेडियोमा रेडियो सफलता जोडिएको छ। आधिकारिक ड्रिङ्किङ वाटरका रूपमा ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिएको छ। प्रतियोगितामा खुलातर्फ प्रथम पुरस्कार अन्तर्राष्ट्रिय ख्यातिप्राप्त खेलाडी लेफ्टिनेन्ट कुसाङ गुरुङले प्रायोजन गरेका छन्। यस्तै, नेलम्बो नेपालले तेस्रो पुरस्कार प्रायोजन गरेको छ। सहारा क्लब पोखरा, सिटिजन्स फर्निचर, नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजले १६ वर्षमुनिको विधामा, पर्यटक दौडको प्रोत्साहन पुरस्कार, महिलातर्फको खुला विधामा प्रदान गरिने जनही १५ हजार सहयोग गर्ने भएका छन्। प्रतियोगितामा करिब १६ लाख ९१ हजार रूपैयाँ खर्च हुने अनुमान रहेको पोखरा क्लिकका व्यवस्थापक सागर सुनारले बताए।



क्षतिग्रस्त जिल्ला प्रशासन भवनः यही भदौ २४ गते जेनजी प्रदर्शनका क्रममा आगजनी गरेर क्षति पुगेको जिल्ला प्रशासन कार्यालय कास्कीको भवन आगजनीबाट भवनका कोठा तथा सवारीसाधन जलेर नष्ट भएको छ।

# पोखराका विद्यालय असोज १ गतेदेखि सञ्चालनमा आउने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भाद्र

'जेनजी' प्रदर्शनका कारण बन्द भएका पोखरा महानगरपालिकाका विद्यालय आगामी असोज १ गतेदेखि सञ्चालनमा आउने भएका छन्।

पोखरा महानगरपालिका नगर कार्यपालिकाको शनिबार बसेको बैठकको निर्णयानुसार महानगरभित्रका सम्पूर्ण विद्यालय असोज १ गतेदेखि सञ्चालनमा ल्याउने निर्णय भएको महानगरपालिका शिक्षा महाशाखा निर्देशक हेमप्रसाद आचार्यले जानकारी दिनुभयो।

यसैगरी, यस क्षेत्रको जनजीवन सामान्य बन्दै गएको छ। जिल्लामा विकसित घटनाक्रम र शान्तिसुरक्षाको अवस्थालाई विश्लेषण गर्दै जिल्ला सुरक्षा समितिको निर्णयानुसार पोखरा महानगरपालिकाका विभिन्न स्थानमा लगाइएको निषेधाज्ञा र कर्फ्यू आदेश शनिबार बिहान ९:०० बजेदेखि हटाइएको छ। कर्फ्यू र निषेधाज्ञा हटेसँगै सार्वजनिक यातायात र बजार क्षेत्र सञ्चालनमा आउन थालेका छन्।

# तनहुँ र कास्की कारागारबाट भागेका छ जना गोरखामा पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भाद्र

तनहुँ र कास्की कारागारबाट भागेका छजनालाई गोरखाबाट नियन्त्रणमा लिइएको छ। जिल्ला प्रहरी कार्यालयले कास्की कारागारका पाँच र तनहुँ कारागारका एक जनालाई नियन्त्रणमा लिएको जनाएको छ।

कार्यालयका प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदीले पक्राउ पर्ने चार जना चुमनुब्री गाउँपालिका- ६ चुम्चेतका सोनाम दोर्जे लामा, छेवाङ लामा, सोनाम ग्याल्जेन लामा र तेञ्जिन रिग्जेन लामालाई नियन्त्रणमा लिएको बताउनुभयो।

कर्तव्य ज्यानसम्बन्धी मुद्दामा सजाय भोगिरहेका छेवाङ, सोनाम ग्याल्जेन र तेन्जिन रिग्जिनलाई गत भदौ २५ र सोनाम दोर्जेलाई २६ गते नियन्त्रणमा लिएको उहाँले जानकारी दिनुभयो। चुम्चेतकी एक महिलाको हत्या गरेको आरोपमा पक्राउ परेका उनीहरू चारैजनाले गत २०७४ कात्तिक २० गतेदेखि कास्की कारागारमा सजाय भुक्तान गरिरहेका थिए।

यस्तै, कास्की कारागारबाट भागेका भीमसेन थापा गाउँपालिका–१ मसेलका राजेश विश्व सुनार पक्राउ परेका हुन्। कर्तव्य ज्यान मुद्दामा विसं २०७५ असारदेखि कैद सजाय भुक्तान गरिरहेका विश्व पनि गत भदौ २४ गते भागेर गोरखा आइपुगेका थिए। उनलाई शुक्रबार पक्राउ गरिएको हो।

यस्तै, तनहुँ कारागारबाट भागेर गोरखा आइपुगेका सिरानचोक गाउँपालिका-८काविशालउपरकोटीलाई पनि प्रहरीले शुक्रबार गोरखाबाटै पक्राउ गरेको छ। चोरी मुद्दामा गत वैशाख १२ गतेदेखि कैद सजाय भोगिरहेका उनी पनि गत भदौ २४ गते तनहुँ कारागारबाट भागेर गोरखा आइपुगेका थिए।

# मुस्ताङ भन्सारलाई थप व्यवस्थित गर्न आठबुँदे निर्णय

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २८ भाद्र

यहाँको मुस्ताङ भन्सार कार्यालयलाई व्यवस्थित तुल्याउन विभिन्न आठबुँदे निर्णय गरिएको छ।

जिल्ला प्रशासन कार्यालय मुस्ताङमा शनिबार बसेको जिल्ला राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकले नेपाल-चीन उत्तरी कोरलानाकास्थित न्हेचुङमा अवस्थित मुस्ताङ भन्सार कार्यालयलाई थप व्यवस्थित गरी आयात/निर्यात सहज बनाउनेगरी उल्लिखित निर्णय गरिएको हो।

यहाँको आइतबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको नाकालाई थप व्यवस्थित गर्ने र नाकामा चोरी सिकारी, अवाञ्छित गतिविधि नियन्त्रण, सरसफाइ, पार्किङ र अनुगमनलगायत विभिन्न विषयवस्तुमा आवश्यक सहजीकरण गर्ने र भन्सारमैत्री तुल्याउने निर्णय भएको छ।

यस्तै, नाकालाई व्यवस्थित, सुदृढ र प्रभावकारी तुल्याई अन्तरदेशीय व्यापारिक मार्गका रूपमा लैजान भन्सारले गर्ने मालवस्तुको आयात निर्यातका लागि सबै पक्षले जिम्मेवारीपूर्वक योगदान पुऱ्याउनेलगायत निर्णय गरिएको भन्सार कार्यालयले जनाएको छ।

बैठकमा प्रजिअ विष्णुप्रसाद भुसाल, भन्सार अधिकृत रमेश खड्कालगायत सुरक्षाकर्मी, एक्याप, कोरला सडक आयोजनालगायत सरोकार भएकाहरूको सहभागिता रहेको थियो।

# कैदीबन्दीलाई कारागारमा आउन र अन्यलाई नियन्त्रणमा लिएका हातहतियार फिर्ता गर्न आग्रह

**रासस**
काठमाडौं, २८ भाद्र

राष्ट्रिय मानव अधिकार आयोगले 'जेनजी' आन्दोलनका क्रममा भागेका कैदीबन्दीलाई कारागार फिर्ता हुन र अन्य व्यक्तिलाई नियन्त्रणमा लिएका हातहतियार फिर्ता गर्न आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले शनिबार जारी गरेको प्रेस विज्ञप्तिमा हालसम्म पनि कारागारबाट भागेका कैदीबन्दीहरूर बाल सुधारगृहबाट भागेका व्यक्तिहरू सम्बन्धित कारागार र सुधार गृहमा फर्कन आग्रह गरिएको छ।

"फरार भएकाहरूको खोजी कार्यलाई तीव्रता दिँदै शान्तिसुरक्षा कायम गर्न र कारागार एवम् बालसुधार गृहबाट निस्किएका कैदीबन्दी आफ्नो टोल छिमेकमा रहेको जानकारी भएमा तत्कालै नजिकको प्रहरी प्रशासनमा खबर गरी सहयोग गरिदिनुहुन आयोग सबैमा अपिल गर्दछ", विज्ञप्तिमा भनिएको छ, "साथै, प्रदर्शनका क्रममा नियन्त्रणमा लिएका प्रहरीका हतियार फिर्ता गर्न तथा यस्ता हतियार र पोसाक दुरुपयोग भएको जानकारी प्राप्त भए सम्बन्धित निकायमा खबर गरी सहयोग पुऱ्याउनसमेत आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ।"

राजधानीसहित देशका विभिन्न भागमा भदौ २३ र २४ गते भएको 'जेनजी' प्रदर्शनका क्रममा कारागारबाट भागेका कैदीबन्दीका कारण समाजमा त्रास र असुरक्षाको अवस्था सिर्जना भएको भनी आयोगमा जानकारी प्राप्त भएको आयोगले जनाएको छ।

बाल सुधारगृहमा रहेका व्यक्तिसमेत भागेका भनी जानकारी आएको र यसबाट हुन सक्ने सुरक्षा जोखिमलाई आयोगले गम्भीर रूपमा लिई अनुगमन गरिरहेको जनाएको छ। "यसैगरी प्रदर्शनका क्रममा सुरक्षार्थ खटिएका नेपाल प्रहरीका हतियार र पोसाकहरू प्रदर्शनकारीले नियन्त्रणमा लिएको र उक्त हतियार पूर्ण रूपमा अझै पनि फिर्ता हुन नसक्दा ती हतियारको दुरुपयोग भई हिंसात्मक गतिविधि हुन सक्ने देखिएको छ", विज्ञप्तिमा उल्लेख छ, "सुरक्षा निकायको हतियार र पोसाक दुरुपयोग गर्नु गैरकानुनी कार्य मात्र नभई यस्तो गैरकानुनी कार्य रोक्न सहयोग गर्नु जिम्मेवार नागरिकको समेत कर्तव्य हुन जान्छ।" आयोगले भागेका कैदीबन्दीहरूका कारण विशेषगरी महिला, बालबालिका, निर्णयकर्ता एवम् अपराधपीडित र तिनको परिवारमा मनोवैज्ञानिक असर परेको पाइएको उल्लेख गरेको छ। यस्तै, कैद भुक्तान गरिरहेका कैदीबन्दी कारागारबाट भागी बाहिर निस्कँदा नेपालको संविधानको धारा, २१ मा व्यवस्था भएको अपराध पीडितको हक, अपराधपीडित संरक्षण ऐन, २०७५ तथा अपराध पीडितको अधिकारसम्बन्धी घोषणापत्र, १९८५ द्वारा प्रदत्त अपराध पीडितको न्यायको अधिकार हनन हुन जानेमा आयोगले सचेत गराएको छ।

# कैदीबन्दी भगाउन सहयोग गरेको अभियोगमा १४ जना पक्राउ

**पोखरापत्र संवाददाता**
पर्वत, २८ भाद्र

जिल्ला कारागारमा जेल जीवन भुक्तान गरिरहेका कैदी तथा पुर्पक्षका लागि थुनामा रहेका बन्दीलाई भगाउन सहयोग गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्वतले १४ जना व्यक्तिलाई पक्राउ गरिएको छ।

देशमा विकसित असामान्य परिस्थितिको फाइदा उठाउँदै कारागारमा रहेका कैदीबन्दीलाई हुलहुज्जतसहित भगाएको भन्दै प्रहरीले आज एक महिलासहित १४ जनालाई नियन्त्रणमा लिएको हो। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक रामप्रसाद सापकोटाका अनुसार कुश्मा नगरपालिकाबाट १२, विहादी गाउँपालिकाका एक र चितवनका एक जनालाई पक्राउ गरिएको हो।

नियन्त्रणमा रहेका सबैलाई हिरासतमा राखी कारागार ऐन, २०७९ को थुनुवालाई भगाउने वा भगाउन सहयोग गर्ने उद्योगअन्तर्गत अनुसन्धान अघि बढाइएको उहाँले बताउनुभयो। यीमध्ये केही युवा सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको आरोपमा समेत पक्राउ परेका छन्।

पर्वत जिल्ला कारागारबाट २५ गते राति १९ जना कैदीबन्दी फरार भएका थिए। प्रहरीले फरारमध्ये पाँच र कास्की कारागारबाट फरार भएका पाँच गरी १० जनालाई नियन्त्रणमा लिई पुनः कारागार चलान गरिसकेको छ।

प्रहरी निरीक्षक सापकोटाका अनुसार पर्वत जिल्ला कारागारबाट फरार भएका कैदीबन्दीलाई तुरुन्त जिल्ला प्रहरी कार्यालयमा उपस्थित भई आत्मसमर्पण गर्नसमेत अनुरोध गरेको छ। प्रहरीले यसरी फरार रहेका व्यक्तिहरू कहींकतै देखेको अवस्थामा प्रहरीलाई खबर गरेर सहयोग गर्नसमेत अनुरोध गरेको छ।




# जेन-जी आन्दोलनमा पोखरामा जलेर ३ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भाद्र

जेन-जी आन्दोलन हिंसात्मक बन्दै जाँदा पोखरामा ज्यान गुमाउनेको संख्या तीन पुगेको छ।

आन्दोलनकै क्रममा कास्की जिल्ला प्रहरी कार्यालयमा गरिएको आगजनीमा गम्भीर रूपमा घाइते भएका तनहुँ भानु-१० का ४३ वर्षीय विजय लामाको शुक्रबार बिहान १२:०० बजे उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। पोखरा महानगरपालिका-१६ बस्दै आएका लामा करिब ७० प्रतिशत शरीर जलेका उनलाई तत्कालै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पुऱ्याइएको थियो। अस्पताल प्रशासनले उनको मृत्युको पुष्टि गरेको छ।

यसअघि सोही आन्दोलनका क्रममा जलेर दुई जनाको महिलाको मृत्यु भइसकेको प्रहरीले जनाएको छ।

जेन-जी आन्दोलन उग्र बन्दै जाँदा प्रदर्शनकारीहरूले कास्कीका विभिन्न सरकारी कार्यालयहरूमा तोडफोड र आगजनी गरेका थिए। अधिकांश कार्यालय ध्वस्त भएपछि उनीहरू डोजरसहित जिल्ला प्रहरी कार्यालयतर्फ पुगेका थिए। गेट भत्काउँदै कार्यालयभित्र प्रवेश गरेका प्रदर्शनकारीहरूले तोडफोड, लुटपाट र आगजनी गरेका थिए।

प्रहरीका अनुसार त्यही क्रममा डोजर लिएर कार्यालयभित्र प्रवेश गरेका एक युवक गोली लागेर घाइते भएका छन् र अहिले पनि उनको उपचार भइरहेको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरूले भविष्यको मार्गदर्शन गर्छ । – अज्ञात

## सम्पादकीय

# आफ्नै मान्यता विपरीत राष्ट्रपति, प्रधानमन्त्री र दलहरू

राजनीतिक दलहरूले राष्ट्रपति रामचन्द्र पौडेलसँग संसद् विघटनको निर्णय फिर्ता लिएर जननिर्वाचित संस्थाबाटै सम्बोधन हुने वातावरण सिर्जना गर्न माग गरेका छन् । युवाहरूको आन्दोलनले सरकार मात्र होइन सत्ता नै पल्टाएर दलहरूलाई उठ्न नसक्ने अवस्थामा पुर्‍याएको छ । आठ दलले शनिबार संयुक्त वक्तव्य जारी गरेर संसद् विघटनको निर्णयले जनताको मताधिकारको अवमूल्यन हुनुका साथै संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार भएको बताएका छन् ।

जननिर्वाचित संस्था प्रतिनिधि सभालाई विघटन गरिएको भनिएको कार्य नेपालको संविधानको धारा ७६ को उपधारा (७), सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजीर तथा सिद्धान्तहरू र नेपालको संवैधानिक परम्पराविपरित रहेको उनीहरूको ठहर छ । प्रधानमन्त्री नियुक्त सुशीला कार्की सर्वोच्च अदालतको न्यायाधीश र प्रधानन्यायाधीश भएका बेला गरेका फैसला र आदेशका आधारमा दलहरूले उठाएको माग उचित हो । विघटनले नेपाली जनताको मताधिकारको अवमूल्यन गर्नुका साथै संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार गरेको छ ।

प्रतिनिधि सभा विघटन गरिएको भनिएको निर्णय फिर्ता लिई तत्काल संसद् बैठक बोलाइ जनता र आन्दोलनरत समूहको माग जननिर्वाचित संस्थाबाटै सम्बोधन हुने वातावरण सिर्जना गर्न सम्बन्धित सबैसँग जोडदार माग गर्दछौं,' आठै दलका प्रमुख सचेतकहरू द्वारा हस्ताक्षरित वक्तव्यमा भनिएको छ । दलले पनि विघटनको विरोध गरेका छन्।प्रधानमन्त्रीको नियुक्तिमा समर्थन जनाएका दलहरूले विगतमा आफैंले प्रतिनिधिसभाका लागि सडक र अदालतबाट लडेको कारण धर्म निर्वाह मात्र हो ।

उनीहरूले लोकतान्त्रिक र कानूनी राज्यमा सबै प्रकारका समस्याको समाधान संविधान र कानूनबमोजिम हुनुपर्ने र सबै निकायहरू संविधान र कानूनबमोजिम सञ्चालन हुनु पर्दछ भन्नेमा अटल विश्वास रहेको पनि उल्लेख गरेका छन् । यसलाई आन्दोलनकारीले पनि मान्ने भनेको हुँदा मध्यमार्गी बाटोमा जान नसकिने थिएन ।अब संविधान जोगाउन दलहरु मात्र होइन संविधानसभाले बनाएको संविधानले दिएको अधिकारको रक्षा गर्नुपर्ने मान्यता राख्नेहरु जुट्नुपर्छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले दलहरूको मागपछि विघटनको वचाउ गर्दै कठिन परिस्थितिमा शान्तिपूर्ण निकास निस्किएको भन्दै घोषित चुनाव सम्पन्न गराउन सबैलाई अपील गरेका छन् । साथै राष्ट्रपति पौडेलले संविधान, संसदीय प्रणाली र संघीय गणतन्त्र कायम भएको उल्लेख भएको गरेका छन् । शनिबार एक वक्तव्य जारी गर्दै राष्ट्रपति पौडेलले भनेका छन्, 'बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा आगामी फागुन २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपील गर्दछु ।' ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर उनले उल्लेख गरेका छन् । पहिले जे मुद्दा उठाएर जीवनभर लडे आज त्यसको विपरीत निर्णय गर्दा राष्ट्रपति, प्रधानमन्त्री र दलहरुका भनाइ सार्वजनिक खपतका लागि मात्र हुन ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाव | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# जलेका कार्यालय सरसफाइ गरी अत्यावश्यक सेवा सञ्चालन

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ भाद्र

जेनजी आन्दोलनका क्रममा तनहुँमा भएका सरकारी कार्यालय तोडफोड र आगजनीपश्चात् अत्यावश्यक सेवा सञ्चालनको तयारी गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय तनहुँले सबै कार्यालयलाई परिपत्र गर्दै क्षतिको विवरण सङ्कलन गर्न निर्देशन दिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले आन्दोलनका क्रममा भएको क्षतिको विवरण सङ्कलन गरी प्रशासन कार्यालयलाई उपलब्ध गराउन परिपत्र गरेको जानकारी दिनुभयो । तोडफोड र आगजनीबाट कार्यालयमा भएका फोहर सरसफाइ गर्न समेत कर्मचारीलाई आग्रह गरिएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अधिकांश कार्यालय तोडफोड र आगजनी भएका छन् । सबै व्यवस्थापन मिलाएर सेवा प्रवाह गरिनेछ । अत्यावश्यक सेवा भने तत्कालै सञ्चालन गरिनेछ ।" जेनजीको आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालय तनहुँ, जिल्ला अदालत तनहुँ, जिल्ला समन्वय समिति, व्यास नगरपालिका, मालपोत कार्यालय, आन्तरिक राजस्व कार्यालय, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय, डिभिजन वन कार्यालयका भवन र सवारीसाधन तोडफोड र आगजनी गरिएको छ ।

# स्याङ्जाका वित्तीय संस्था धितो सकार्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ भाद्र

स्याङ्जाका बैंक तथा वित्तीय संस्थाहरु लगानी (साँवा, व्याज समेतको ऋण) असुलीमा सक्रिय देखिएका छन् ।

प्रतिस्पर्धात्मक रुपमा हचुवाका भरमा अनुत्पादक क्षेत्रमा लगानी गर्दा कर्जा असुलीमा अप्ठ्यारो भोग्दै आएका बैंक तथा वित्तीय संस्थाहरुले पछिल्लो समय लगानी असुलीमा सक्रियता देखाएका हुन् ।

बैंक तथा वित्तीय संस्थाहरुले धितो सुरक्षणका सम्पत्तिबाट असुली गर्नुपर्ने समस्या थपिदै गएपछि घरजग्गा लिलामी गरेर भएपनि धितो सकार गरेरै ऋण असुली गर्दै आएका छन् । जिल्लामा वाणिज्य बैंक, विकास बैंक, फाइनान्स, लघुवित्त र सहकारी संस्थाहरुले विभिन्न शिर्षकमा कर्जा लगानी गर्दै आएका छन् । बजार क्षेत्रमा क्रियाशिल बैंक तथा सहकारी झण्डै ५ सय भन्दा बढि वित्तीय संस्थाहरुले अर्बौ लगानी गरेको देखिन्छ । मालपोत कार्यालय स्याङ्जा र मालपोत कार्यालय वालिङको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/०८२ मा बैंक तथा सहकारीहरुले २१ ओटा घरजग्गा धितो (सम्पत्ती) लिलाम गरी आफै सकार गरेको देखिन्छ । वित्तीय संस्थाले पछिल्लो एक वर्षको अवधीमा २१ वटा घरजग्गा धितो सकार गरेका छन् भने गएकै वर्षमा ४ बैंक र ४ सहकारीले धितो लिलाम गरेर घरजग्गा सकार गरेका हुन् ।

स्याङ्जाको व्यापारिक केन्द्र वालिङमा रहेका ज्योति विकास बैंकले ४, नेपाल ईन्भेष्टमेन्ट बैंकले ३, मुक्तिनाथ विकास बैंकले ३, कामना सेवा विकास बैंक, आइसिएफसि फाइनान्स र ऋण असुली न्यायाधिकरणबाट १/१ वटा धितो लिलाम गरेका छन् । यस्तैगरी गाउँले बचत तथा ऋण सहकारीले ३, उपकार बचत तथा ऋण सहकारी, शुभलक्ष्मी सहकारी, ग्रामिण कृषि सहकारी, इनर्जेटिक सहकारी र ग्रामिण सहकारीले १/१ वटा धितो लिलाम मार्फत सम्पत्ती सकार गरेका छन् ।

बैंक तथा सहकारीले धितो लिलामी बढाबढ सूचनाको आधारमा केहि व्यक्तिले जग्गा सकार गरेको मालपोत कार्यालयको तथ्याङ्कमा देखिन्छ । बैंक तथा सहकारीले धितो लिलाम गरी सकार गरे बापत तिरेकै लाभकर मात्रै एक करोड ४८ लाख दुई हजार चार सय एक रुपैयाँ संकलन भएको मालपोत कार्यालयले जनाएको छ ।

धितोको घरजग्गा लिलामी प्रक्रियाबाट ऋण असुल्न परेपछि बैंक र सहकारीहरु असुलीमा आक्रामक देखिएको तथ्याङ्कले देखाउँछ । बैंकहरुको अस्वस्थ प्रतिस्पर्धाका कारण कार्ययोजना विना ऋणीलाई कर्जा लगानी गर्दा बैंक मात्र होईन् ऋणीहरु समेत समस्यामा पर्दै गएका छन् । लगानीको बखत एउटा व्याजदर र किस्ता तिर्दै जाँदा पुनः अर्को व्याजदर कायम हुँदा ऋणीले साँवा व्याज तिर्न नसकेको गुनासो गर्दै आएका छन् । मालपोत कार्यालय स्याङ्जा र वालिङको तथ्याङ्क अनुसार पछिल्लो वर्षसम्म वित्तीय संस्थाहरुले दुई हजार २६३ घरजग्गा धितो रोक्का राखेका छन् । लगानीको धितो सुरक्षण बापत घरजग्गा राख्ने प्रावधान अनुसार वित्तीय संस्थाले आर्थिक वर्ष २०८१/०८२ मा सहकारीले एक हजार २०६, बैंकले एक हजार ३४ र अन्यले २३ सम्पत्ती रोक्का राखेर कर्जा लगानी गरेका छन् । घरजग्गा रोक्का राखे बापत मालपोत कार्यालयमा ८८ लाख १९ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ ।

# कालिगण्डकीमा उत्पादन र बजारीकरण गर्न हेफर

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ भाद्र

स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा कृषि उत्पादन र बजारीकरणको लागि 'कृषि मूल्य श्रृङ्खला विकास परियोजना' सुरु भएको छ । गाउँपालिकाले हेफर परियोजना नेपालसँग सहकार्य गरेर कृषि मूल्य श्रृङ्खला परियोजना सुरु गरेको हो ।

गाउँपालिकाको ४५ लाख र हेफर परियोजनाको ४० लाख गरि कुल ८५ लाखको साझेदारीमा परियोजना संचालन भएको हो । परियोजना २०८३ असार मसान्त अर्थात एक वर्षसम्म सञ्चालन हुनेछ । उत्पादनसँगै बजारको व्यवस्थित च्यानल निर्माण गर्न परियोजनाले सहज बनाउने गाउँपालिकाले अपेक्षा गरेको छ । स्थानीय उत्पादनको मूल्य श्रृङ्खलाको स्तरोन्नती गर्दै व्यावसायिक कृषि तथा पशुपालनमा आवद्ध कृषकको वार्षिक आम्दानीमा वृद्धि गर्ने कार्यक्रमको प्रमुख लक्ष्य रहेको परियोजनाका निर्देशक डाक्टर तिर्थराज रेग्मीले बताए । परियोजनाले कृषकको जीविकोपार्जनमा सुधार गर्नुका साथै आर्थिक रुपमा समेत सबल बनाउँदै लैजाने उनको भनाइ छ ।

गाउँपालिकाका कृषकहरूलाई समूह र सहकारीमा आवद्ध गराउँदै पूँजी र आम्दानीमा वृद्धि गर्ने योजना रहेको गाउँपालिकाका अध्यक्ष खिम थापाले बताए । उनका अनुसार उत्पादन र प्रविधिहरुमा कृषकहरुको सहज पहुँच अभिवृद्धि गर्ने र उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ । बजारमा कृषकको सहज पहुँच नहुँदा कृषि क्षेत्रमा समस्या बढ्दै गएको छ । कृषि उपज संकलन तथा प्रशोधन केन्द्रको व्यवस्थापन मार्फत कृषकहरुको बजार पहुँच अभिवृद्धि गर्न परियोजनाले सहयोग पुऱ्याउने छ । गाउँपालिकाद्धारा संचालित 'कालीगण्डकी कृषि तथा पशु उद्यमशीलता परियोजना'को सफलतापछि नयाँ कार्यक्रम शुरु गरेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका र हेफरको झण्डै बराबर साझेदारी हुने गरि सुरु भएको परियोजनाको गाउँपालिकाका अध्यक्ष थापा र हेफर परियोजनाका राष्ट्रिय निर्देशक रेग्मीले सम्झौता पत्रमा संयुक्त हस्ताक्षर गरेका हुन् । कृषि तथा पशुको आपूर्ति श्रृङ्खलालाई व्यवस्थित गर्दै कृषकहरुको क्षमता अभिवृद्धि गर्न कार्यक्रम प्रभावकारी हुनेछ ।

# संसद् विघटन संविधानको परिकल्पना र सर्वोच्च अदालतको व्याख्याविपरीत: कांग्रेस

**रासस**
काठमाडौं, २८ भाद्र

नेपाली कांग्रेसले शान्ति संविधान र लोकतन्त्रका पक्षमा पार्टी रहेको स्पष्ट गर्दै संसद् विघटन संविधानको परिकल्पना र सर्वोच्च अदालतको व्याख्याविपरित रहेको जनाएको छ ।

मुलुकको पछिल्लो विकसित घटनाक्रमका सम्बन्धमा शुक्रबार राति बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले संसद् विघटन संविधानसम्मत नरहेको निर्णय गरेको हो । बैठकले उक्त कदमले एकातर्फ लोकतान्त्रिक उपलब्धि धरापमा परेको निष्कर्ष निकालेको छ । उपसभापति पूर्णबहादुर खड्काको संयोजकत्वमा भएको बैठकमा सातै प्रदेशका सभापति, मुख्यमन्त्री र प्रदेश संसदीय दलका नेता आमन्त्रित रूपमा सहभागी हुनुहुन्थ्यो । जेनजी युवाको आह्वानमा यही भदौ २३ र २४ गते भएको आन्दोलनपछिको विषम परिस्थितिमा संवादमार्फत समाधानका लागि राष्ट्रपतिले पहलकदमी लिनुपर्छ र सबै पक्षसँग आवश्यक परामर्श गरी संवादबाट नै समाधान खोज्नुपर्छ भनेर कांग्रेसले भदौ २५ गते नै विज्ञप्तिमार्फत स्पष्ट धारणा सार्वजनिक गरेको जनाएको छ । जेनजीले प्रस्ताव गरेको व्यक्तिलाई नै अन्तरिम सरकारको नेतृत्व दिएर अघि बढ्नुपर्ने र त्यसले मात्र बदलिएको परिस्थितिबमोजिमको समाधान दिने उल्लेख गर्दै कांग्रेसले 'आवश्यकताको सिद्धान्त'अनुरुप संविधानबमोजिम वैधानिक बाटोबाट नै अगाडि बढाउन सकिने सुझाव दिएको थियो ।

कांग्रेसले भदौ २३ र २४ मा भएको अप्रिय तथा अनपेक्षित घटनाहरुको छानविन गरी कार्वाहीको दायरामा ल्याउँदै पुनर्निर्माणमा जुट्नुपर्ने र संविधानसभाले निर्माण गरेको संविधान, त्यसले लिपिबद्ध गरेका परिवर्तन र उपलब्धिलाई जोगाउनुपर्ने आग्रह गरेको छ । "त्यसैले यो अवस्थामा एकातर्फ कसैले उत्तेजना नफैलाओस् र अर्कोतर्फ संवैधानिक रिक्तताना टेकेर जनताले दशकौंको सङ्घर्षबाट प्राप्त लोकतान्त्रिक उपलब्धि उल्ट्याउने दुस्प्रयास नहोस् भन्नेतर्फ पनि सचेततापूर्वक ध्यान दिनुपर्नेछ, यो गुरुतर दायित्व कांग्रेससँग अपेक्षित छ", मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# १४ वर्षमा ९० प्रतिशत भौतिक प्रगति

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ भाद्र



एउटा पुल बनाउन कति समय लाग्छ, सरदर ३, ५ वा ७ वर्ष तर स्याङ्जा र पाल्पा जोड्ने गरी स्याङ्जामा बनेको पुल १४ वर्षमा बल्ल ९० प्रतिशत भौतिक प्रगति सकिएको छ । गण्डकी र लुम्बिनी प्रदेश जोडिने गरी स्याङ्जाको चापाकोटस्थित दामाचौर र पाल्पाको रामपुरस्थित कालीगण्डकीमा बनेको मोटेबल ट्रसब्रिज (पुल) निर्माणको अन्तिम चरणमा पुगेको छ ।

२०६८ सालमा एमएस इलाइट र एसबिए निर्माण कम्पनी जेभी कपन काठमाडौँले चापाकोट नगरपालिका–८ दामाचौर; स्याङ्जा र रामपुर–६ पेकलुक, पाल्पा जोड्ने गरी बन्ने पुल तीन वर्षमा सक्नेगरि सम्झौता गरेको थियो । तीन वर्षमा सक्नुपर्ने पुल १४ वर्षमा बल्लतल्ल ९० प्रतिशत भौतिक र ८७ प्रतिशत आर्थिक प्रगति भएको छ ।

पुल १५ करोड ६८ लाख १३ हजार २६६ रुपैयाँमा निर्माण गर्ने गरी सम्झौता गरेको थियो भने पुलको भेरिएशन अर्डरपश्चात् १७ करोड ७१ लाख ४६ हजार ९९१ रुपैयाँ लागत पुगेको छ । तीन स्पानमा १८१.६९ मिटर लम्बाइको पुल वेल फाउन्डेसन डिजाइनमा काम गर्ने गरी दुई छेउमा पिल्लर राखेर नदीको मध्यभागमा पिल्लर बनाउने क्रममा डिजाइन अनुसार काम अगाडि नबढेपछि पुल बन्ने प्रक्रिया रोकिएको हो ।

डिजाइन अनुसार वेल १५/१५ मिटर जमिनमुनि दबिनु पर्नेमा पाँच मिटर तल चट्टान भेटिएपछि निर्माण कम्पनीले काम रोकेको थियो । सम्झौताको १० वर्षपछि भौतिक पूर्वाधार मन्त्रालयको पुल महाशाखा काठमाडौंले डिजाइन परिवर्तन गरेसँगै इलाइटले पुल निर्माणमा सक्रियता बढाएको सडक डिभिजन कार्यालय पाल्पाले जनाएको छ ।

तीन वर्षमा सक्नुपर्ने काम वर्षौंपश्चात ट्रस हाल्ने काम बल्ल सकिएको छ । ९० प्रतिशत काम सकिएको पुलको अब दुई स्पानमा सेलेभ ढलान हुन बाँकी रहेको इन्जिनियर दीक्षा बस्यालले जानकारी दिईन् । पुल निर्माणमा ढिलाइ हुनुमा बजेट अभाव र प्राविधिक समस्या प्रमुख कारण रहेको डिभिजन कार्यालयले स्पष्ट पारेको छ । सडक डिभिजनसँग निर्माण कम्पनीले आगामी बैशाखमा निर्माणको काम सक्नेगरी सातौँ पटक म्याद थप गरेको छ । सरासर काम गर्न पाए दुई महिनाभित्र सकिने निर्माण व्यवसायी श्याम केसीले बताए । डिजाइन गर्ने कम्पनीले गलत गर्दा पुलबाट आफू नराम्रोसँग घाटामा गएको उनले सुनाए। बुटवलबाट नवलपरासी हुँदै रामपुर–चापाकोट ज्यामदीखोला कोरिडोरबाट पोखरा, पोखराबाट पर्वत हुँदै मुक्तिनाथबाट चीनसम्म पुग्न पुल निर्माणले सहज हुने अपेक्षा गरिएको छ ।

पुल सम्पन्न भएपछि स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तु पोखरा, बुटवल, नारायणगढ पुऱ्याउन सहज हुने बताएका स्थानीयले पुल निर्माणमा ढिलाइ हुँदा मर्कामा परेको जनाए । समयमै पुल निर्माण नहुँदा चापाकोट क्षेत्रका स्थानीय बढि प्रभावित भएका छन् । पाल्पाको रामपुरस्थित कालिगण्डकी करिडोरले चितवनको नारायणगढस्थित ठूलो बजारसँग सिधै जोडिदा चापाकोट पछाडी पर्दै गएको स्थानीय दीर्घ पौडेलले जनाए । सम्झौता अनुसार पुल बनेको भए चापाकोट समेत तराईसँग सिधा सम्पर्क हुने बताउँदै पौडेलले भने, 'ठूलो बजारक्षेत्रसँग सिधा सम्पर्क रहदा स्थानीयले आयआर्जन मार्फत आर्थिक प्रगति गर्ने थिए ।'

# 'राष्ट्रिय हित र एकता प्रवर्द्धन गर्न सहयोगी भूमिकामा रहनेछौं'

**रासस**
काठमाडौं, २८ भाद्र

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले राष्ट्रिय हित, एकता र सौहार्दता प्रवर्द्धनमा सहयोगी भूमिकामा रहने जनाएको छ ।

पार्टी महामन्त्री कबिन्द्र बुर्लाकोटीले शनिबार एक विज्ञप्ति जारी गरी अन्तरिम सरकारसँगको अपेक्षा स्मरण गराउँदै घोषित लक्ष्यहरूबाट नवगठित सरकार च्यूत भए प्रतिरोध हुने स्पष्ट रहेको बताएको छ । "घोषित लक्ष्यहरूबाट सरकार च्यूत हुँदा प्रतिरोध हुनेमा रास्वपा स्पष्ट रहँदै समग्र राष्ट्रिय हित, एकता र सौहार्दताको प्रवर्द्धनमा आफूहरू सहयोगी भूमिकामा रहनेछौं", विज्ञप्तिमा उल्लेख छ । 'जेनजी' आन्दोलनबाट मुलुकले प्रथम महिला प्रधानमन्त्री प्राप्त गरेकामा पार्टीको समर्थन रहे पनि संविधान पालनाको कोणबाट प्रश्न उठेको रास्वपाले उल्लेख गरेको छ । यस्तै, अन्तरिम सरकारबाट आगामी फागुन २१ गतेका लागि तोकिएको आमनिर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने अपेक्षा गरिएको छ । शान्तिपूर्ण सत्ता–हस्तान्तरणका साथै लोकतान्त्रिक हकअधिकारको निर्बाध उपभोग, विधिमा बाँधिएको असल शासनअनुरुप चरम भ्रष्टाचार र दण्डहिनताविरुद्ध कडा कदम, पुनर्निर्माण र आर्थिक सुधार, सुदृढ अन्तरराष्ट्रिय सम्बन्ध एवं द्रुत गतिमा विकासको अपेक्षा रहेको विज्ञप्तिमा जनाएको छ ।

# मुस्ताङको ४७० हेक्टर क्षेत्रफलमा आलुखेती

**सुन्दरकुमार थकाली**
मुस्ताङ, २८ भाद्र/रासस

हिमाली जिल्ला मुस्ताङमा कूल ४७० हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आइरहेको छ । यस वर्ष यहाँका पाँच पालिकामा गरिएका आलु उत्पादनको प्रारम्भिक सर्वेक्षणअनुसार शुन्य दशमलव शुन्य नौ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

आव २०८२/८३ मा यहाँका पाँचै पालिकाको कूल ४७० हेक्टर आलु उत्पादन क्षेत्रमा आठ हजार ४९६ मेट्रिकटन आलु उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख राजेश गुरुङले जानकारी दिनुभयो । यस वर्षको आलु उत्पादकत्व १८ दशमलव ४७ प्रति हेक्टर रहने केन्द्र प्रमुख गुरुङले उल्लेख गर्नुभयो ।

गत आव २०८१/८२ मा यहाँ ४६० हेक्टर क्षेत्रफलमा आठ हजार ४५४ मेट्रिकटन आलु उत्पादन भएको थियो । गत वर्ष आलुको उत्पादकत्व प्रतिहेक्टर १८ दशमलव ३८ प्रतिशत रहेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । केन्द्र प्रमुख गुरुङका अनुसार गत वर्षको तुलनामा यस वर्ष ४१ दशमलव शुन्य दुई प्रतिशत आलु उत्पादन हुने जनाइएको छ । उच्च भूगोल र यहाँको चिसो शीतोष्ण हावापानीमा उत्पादन



हुने आलु स्वादिलो र पोषिलो हुने गर्छ । यसैले यहाँको मुस्ताङी आलु सहज/बजारका उपभोक्ता रुचाउने गर्छन् । चिसो हावापानी र हिउँले सिञ्चित यहाँको खेतीयोग्य जमिनमा उत्पादन हुने विषादीरहित जैविक हुने भएकाले उपभोक्ता यहाँको आलुप्रतिको आकर्षण बढ्दो रहेको छ । यहाँ स्याउ बगैँचाभित्र किसानले अन्तरबालीका रुपमा आलुखेती गर्दै आइरहेको पाइन्छ ।

यहाँ सबैभन्दा बढी उपल्लो मुस्ताङ र बारागुङ मुक्तिक्षेत्रमा उत्पादन हुने आलुलाई थप विशेष महत्व दिने गरिएको छ । समुद्री सतहको दुई हजार ७०० मिटर माथिको क्षेत्रमा उत्पादन हुने भएकाले स्थानीयको आकर्षण उपल्लो मुस्ताङको आलुतर्फ बढेको हो । त्यसो त घरपझोङ र थासाङमा पनि किसानले आलुखेतीलाई विशेष महत्व दिएर खेती गर्दै आइरहेको पाइएको छ । मुस्ताङको तल्लो क्षेत्रमा किसानले फागुनमा आलुको बीउ रोपेर भदौ महिनामा आलु निकाल्न थाल्छन् । उपल्लो मुस्ताङमा चैत/वैशाखमा आलुको बीउ रोपेर असोज/कात्तिकमा खेतबारीबाट आलु खन्न सुरु गर्छन् । नगदेबाली भएको र सडक यातायातको सजह पहुँच भइसकेकाले यहाँ उत्पादित आलुको बजारीकरणमा कुनै समस्या नरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ। यहाँ विकासे आलु र स्थानीय परम्परागत लोकल सेतो आलु उत्पादन हुने गरेको केन्द्र प्रमुख गुरुङको भनाइ छ । यहाँ विकास रातो आलु आंशिक उत्पादन हुने गरे पनि यहाँका किसानले बढीमात्रामा स्थानीय सेतो आलुको खेती गर्ने गरेको गुरुङले उल्लेख गर्नुभयो ।

यहाँ उत्पादन हुने आलु ६० प्रतिशत जिल्ला बाहिर निकासी हुने गरेको केन्द्रले बताएको छ । बाँकी ३० प्रतिशत आलु यही घरायसी प्रयोजन तथा होटल रेष्टुरेन्टमा खपत हुने र उत्पादित १० प्रतिशत आलुको बीउका रुपमा स्थानीय किसानले बिक्रीवितरण गर्ने गरेको केन्द्र प्रमुख गुरुङले बताउनुभयो ।

घरपझोङ-५ ठिनीका किसान महेन्द्र थकालीले यहाँ किसानले उत्पादन गर्ने आलु सहजै बिक्री हुने गरेको बताउनुभयो । उहाँले प्रतिपाथी यहाँको आलु रु २०० मा बिक्री भएको उल्लेख गर्नुभयो । "आलु उत्पादन गरेर हाभेस्ट मात्रै गरेपछि आलु व्यापारी किसानको खेतमै पुगेर सङ्कलन गर्ने गरेका छन्", उहाँले भन्नुभयो, "पैसा नगद पाइने र आलु खनेपछि बजार पुर्‍याउनुपर्ने समस्या छैन ।" उहाँले मुस्ताङमा उत्पादन हुने आलु पोखरा-काठमाडौँलगायत सहरको तारे होटलसम्म पुग्ने गरेको जानकारी दिनुभयो । आलुखेती गर्दै आइरहेका कृषि समूह, सहकारी र फर्मलाई यहाँका स्थानीय तह, कृषि ज्ञान केन्द्र तथा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले विभिन्न अनुदानका कार्यक्रम सञ्चालनमा ल्याउने गरिएको छ। यसबाट पनि यहाँका किसान स्याउखेती जस्तै आलुखेतीमा लाभान्वित हुँदै आइरहेको पाइएको छ ।



दसैँ लक्षित भेडाच्याङ्ग्रा
चीनबाट खरिद गरिएका दसैँ लक्षित भेडाच्याङ्ग्रा शनिबार बिक्रीका लागि डोल्पा हुँदै मुस्ताङ ल्याइँदै । तस्बिर : सुन्दरकुमार थकाली/रासस

# लायन्स क्लबद्धारा सिसिटीभी मर्मत र जडान

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भाद्र

हामी बनाउछौं हाम्रो देश भन्ने मुल नाराका साथ लायन्स क्लब अफ इन्फरमेशन टेक्नोलोजीले आन्दोलनकोक्रममाआगलागीबाट क्षती पुगेको जिल्ला प्रहरी कार्यालय कास्कीमा सिसिटीभी क्यामेरा जडान गरेको छ ।

गत भदौ २४ गतेको जेन्जीको आन्दोलनका क्रममा जिल्ला प्रहरी कार्यालय कास्कीमा जडान गरिएका सम्पूर्ण सिसिटीभि क्यामेराहरु आगलागीका कारण पूर्ण रुपमा जलेर नष्ट भएपछि लायन्स क्लब अफ इन्फर्मेशन टेक्नोलोजीले प्रहरीको काम कारबाहीमा सहयोग पुगोस भन्ने उद्देश्य अनुरुप शनिवार सिसिटीभी क्यामेरा मर्मत संगै नयाँ सिसिटीभी जडान गरेको लायन्स क्लब अफ इन्फर्मेशन टेक्नोलोजीका अध्यक्ष राबत गोम्जा तामाङले बताए ।

गोम्जाका अनुसार जिल्ला प्रहरी कार्यालय हामी सबैको लागि सुरक्षा प्रदान गर्ने स्थान



भएकाले आन्दोलनको क्रममा आगलागीबाट क्षती भएको सिसिटीभी क्यामेराहरुले काम नगर्ने भएकाले आफुहरुले मर्मत र नयाँ सिसिटीभी क्यामेरा जडान गरेको बताए ।

सिसिटीभी जडान कार्यक्रमका संयोजक स्वयंभु कुँवरका अनुसार जिल्ला प्रहरी कार्यालयमा १६ थान सिसिटीभी क्यामेरा जडान गरिएको छ। जस मध्ये ९ वटा सिसिटीभी क्यामेरा नयाँ जडान गरिएको हो। शनिवार जडान सम्पन्न गरी हस्तान्तरण गरिएको उक्त क्यामेराहरुको मर्मत संभार समेत लायन्स क्लब अफ इन्फर्मेशन टेक्नोलोजीले नै गरिदिने र आगामी दिनमा पनि थप सहयोगलाई निरन्तरता दिने समेत कुँवरले जानकारी दिए ।

यस अघि पार्दी माविमा समेत लायन्स क्लव अफ इन्फर्मेशन टेक्नोलोजीले सिसिटीभी क्यामेरा जडान गरेको बताउदै आफुहरुले पोखरा ८ का केही सामुदायिक विद्यालयहरुमा सिसिटीभी क्यामेरा जडान गर्ने योजनाका साथ अगाडी बढिरहदा जेन्जीको आन्दोलनका कारण आगलागीबाट क्षती पुगेको जिल्ला प्रहरी कार्यालयमा सिसिटीभी क्यामेरा जडान गरिएको अध्यक्ष गोम्जाले जानकारी दिए ।

# बेनीमा मौलिक सम्पदाको संरक्षण

**रासस**
म्याग्दी, २८ भाद्र

म्याग्दीको सदरमुकाम बेनी बजारमा मौलिक सम्पदाको निर्माण र पुनर्निर्माण भएको छ ।

बेनी नगरपालिका र समुदायको पहलमा बेनीलाई मौलिक सांस्कृतिक बजारको रूपमा विकास गर्न पुराना सम्पदाको संरक्षण, पुनर्निर्माणका साथै नयाँ सार्वजनिक संरचना निर्माणका क्रममा मौलिकतालाई जोड दिइएको हो ।

म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको बेनी बजार नगरपालिकाको ७ र ८ नम्बर वडामा पर्छ । नगर प्रमुख सुरत केसीले मुस्ताङ जाने आउने पर्यटकलाई बेनीमा भुलाउने र बसाई लम्बाएर स्थानीय आर्थिक गतिविधि बढाउने उद्देश्यले धार्मिक, सांस्कृतिक, ऐतिहासिक र मौलिकताको सम्वर्द्धन तथा प्रवर्द्धनमा जुटेको बताउनुभयो । उहाँका अनुसार कालीगण्डकीको सभ्यता बचाउन र प्रदूषण नियन्त्रणका लागि दोभानमा शवदाहस्थल निर्माण भएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएको रु ६० लाख बजेटबाट शवदाहस्थललाई व्यवस्थित र सुरक्षित बनाउन भौतिक संरचना निर्माण भएको हो । धार्मिकस्थल गलेश्वर बजारभित्रको सडकको सौन्दर्यकरण गर्नका लागि गत वर्षदेखि सुरु भएको सडकमा स्लेट ढुङ्गा बिछ्याउने योजनालाई यस वर्ष पनि निरन्तरता दिएको छ । गत आवमा १०६ मिटर स्लेट बिछ्याइएको थियो । नयाँ आवका लागि नगरपालिकाले रु ३० लाख विनियोजन गरेको योजनाका लागि गलेश्वर शिवालय क्षेत्र विकास कोषले पनि साथ दिने बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताउनुभयो । बेनीको पुस्तकालय चोकमा रु १३ लाख खर्चेर जमघट र विश्रामस्थलका लागि भक्तपुरे इँटा र बुट्टा कुदेको काठ प्रयोग गरेर नेवारी वास्तुकला शैलीको प्रतीक्षालय (फाल्चा) निर्माण भएको छ । यस वर्ष आँखीझ्याललगायतका संरचना बनाएर फाल्चा निर्माणलाई पूर्णताः दिने बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेश श्रेष्ठले बताउनुभयो । चोकमा खाली रहेको सार्वजनिक ठाउँको सदुपयोग गरेर निर्माण भएको फाल्चाबाट स्थानीयवासी, यात्रुहरूलाई विश्रामका लागि सहजका लागि बजारको आकर्षण थपेको छ । यसअघि बेनी नगरपालिकाको वडा नम्बर ७ मा रहेका पुराना चौतारीहरूको मर्मत र व्यवस्थापन भएको थियो । बेनी नगरपालिका-८ गणेशटोलमा रहेको २०० वर्ष पुरानो गणेश मन्दिर यसै वर्ष पुनर्निर्माण भएको छ । बेनी नगरपालिकाको रु छ लाख बजेट र गुठीयारहरूको करिब रु १४ लाख लगानीमा मौलिक शैलीमा पुनर्निर्माण गरिएको वडाध्यक्ष उत्तम कर्माचार्यले बताउनुभयो । पुरानो मन्दिरलाई भत्काएर भक्तपुरे इँटा र बुट्टे काठको प्रयोग गरेर निर्माण भएको मन्दिरको छानामा पित्तलको जलप लगाइएको छ ।

यसअघि बेनी नगरपालिका-८ स्थित ऐतिहासिक कोतघरको भक्तपुरबाट इँटा, काठ र मजदुर ल्याएर कोतघर पुनर्निर्माण गरिएको थियो । छानोमा तीन वटा गजूर राखिएको कोतघरको झ्याल, ढोका र टुँडाल कलात्मक शैलीका छन् । विक्रम संवत् १६३१ देखि नेपाल एकीकरण नहुँदासम्म ३४२ वर्षसम्म तत्कालीन पर्वत राज्यको शीतकालीन राजधानी बेनी थियो । तत्कालीन पर्वत राज्यका राजा हिउँदमा बेनी र गर्मीयाममा ढोलथानमा बसेर राज्य सञ्चालन गरेका थिए । ऐतिहासिक महत्वका तोप, खुकुरी, तरबारलगायतका हतियार भएको कोतघर परिसरमा तत्कालीन राज्य सञ्चालकले धातुका सिक्का बनाउने टक्सार बनाएका थिए । सार्वजनिक जग्गामा घेराबार, पर्खाल, रेलिङ निर्माण र भुइँमा पेभर इँटा राखेर आकर्षक बनाइएको छ ।

# सामान्य बन्दै स्याङ्जा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ भाद्र

नव युवा पुस्ता 'जेएनजी' ले सुरु गरेको शान्तिपूर्ण प्रदर्शनले हिंसात्मक रूप लिएसँगै ५ दिनदेखि अशान्त बनेको स्याङ्जा सामान्य बन्दै गएको छ । पुतलीबजार, वालिङ, गल्याङ, चापाकोट, मिर्मि, फेदीखोला, बयरघारीका पसलहरु पूर्ण रुपमा खुलेका छन् भने नीजि सवारी साधनहरु निर्वाध रुपमा चल्न थालेका छन् ।

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले केहि दिनदेखि मध्यान्हबाट लगाएको कर्फ्यु शनिबार बिहान ६ बजेबाट हटाएको छ । अब कर्फ्यु लाग्ने वा नलाग्ने अवस्था हेरेर निर्णय गर्ने पमुख जिल्ला अधिकारी ईश्वरी प्रसाद अर्यालले जानकारी दिए । जिल्लाको अवस्था सामान्य हुँदै गएको छ । नेपाल आर्मीले जिल्लामा हुने संकास्पद क्रियाकलापहरु नियन्त्रण गर्न प्रयास गर्ने जनाइएको छ ।

त्यसैगरी युवाहरुले नेपाली काँग्रेस, नेकपा एमालेको जिल्ला सदरमुकाममा रहेका पार्टी कार्यालयमा मङ्गलबार तोडफोड गरेका थिए । यस्तै रास्वपाले आफ्नो व्यानर तथा बोर्ड आफै हटाएको थियो । युवाहरुले आफ्नै भवन रहेका दुई पार्टीको कार्यालयमा क्षति पुर्‍याएका हुन् । यस्तै पुतलीबजार नगरपालिकाको कार्यालयमा युवाहरुले तोडफोड गरेका थिए । ढुङ्गा प्रहारबाट कार्यालयका सिसाहरु फुटेका प्रहरीले जनाएको छ । उता कालीगण्डकी गाउँपालिकाको कार्यालयमा केपी शर्मा ओलीले उद्घाटन गरेको शिलालेख तोडफोड गरिएको छ । कार्यालयमा भने कुनै क्षती नपुगेको पालिकाले जनाएको छ । उता जिल्लामा रहेका सबै पालिकाहरु बन्द छन् । ११ पालिका रहेको स्याङ्जाका धेरै पालिकाहरुले सूचना नै निकालेर अनिश्चित कालको लागि बन्दको घोषणा गरेका छन् भने कतिपय आफै बन्द भएका हुन् ।

तोडफोड हुने डर र कर्मचारीहरु अन्यौलमा परेका कारण कार्यालय खुल्न नसकेको पालिकाहरुको भनाइ छ । स्थानीय तह स्थायी सरकार भएकाले सेवा निरन्तर गर्नको लागि सहजीकरण गर्ने काम भईरहेको प्रजिअ अर्यालले जानकारी दिए । नागरिकलाई सेवाबाट रोक्न नमिल्ने भएकाले स्थायी सरकारको सेवा निरन्तर रहन्छ, हामीले सहजीकरण गर्दै छौं उनले भने । आन्दोलनकै कारण सर्वोच्च अदालतमा सञ्चालित सर्भरमा क्षति पुग्दा मुद्दा व्यवस्थापन प्रणाली (सिएमएस) लगायत सम्पूर्ण सिस्टम अबरुद्ध भएको स्याङ्जा जिल्ला अदालतले जनाएको छ। स्याङ्जा अदालतले अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा अर्को सूचना नआएसम्मका लागि स्थगित गरेको निमित्त श्रेस्तेदार रामप्रसाद पन्थीले बताए। स्थानीय परिवेशलाई समेत मध्यनजर गर्दै अदालतबाट दिइँदै आएका सेवाहरूमध्ये अन्तिम हदम्याद मात्र बाँकी रहेका अभियोग, फिरादपत्र वा प्रतिउत्तरपत्र दर्ता, पक्राउ पुर्जी जारी, जरूरी पक्राउ पुर्जी स्वीकृत, म्याद थप र बन्दी प्रत्यक्षीकरण सम्बन्धी निवेदन सेवा बाहेकका सम्पूर्ण सेवा बन्दै रहेको पन्थीले जानकारी दिए ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्म: १९९० बैशाख १० गते

स्वर्गारोहण: २०८२ भाद्र २५ गते

स्व. नन्दकुमारी बाटाजू

यस श्री बाल गोपाल भजन कृतन सेवा समितिका शुभचिन्तक राजेन्द्र बाटाजूकी धर्मपत्नी तथा साधारण सदस्य मोहन कुमार बाटाजू र रविन्द्र बाटाजूकी ममतामयी माता **नन्दकुमारी बाटाजू**को ९२ वर्षको उमेरमा भएको असमायीक स्वर्गारोहणले हामी अति मर्माहत भएका छौं। यस दुःखद घडीको आज पाचौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

माधव नारायण श्रेष्ठ
अध्यक्ष एवम्
श्री बाल गोपाल भजन कृतन सेवा समिति परिवार
पोखरा-१३, गौडाकोमुख